# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

**स्थानीय तहको तेश्रो चरणको निर्वाचनको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगको**

# विशेष अपील



स्थानीय तहको पहिलो र दोश्रो चरणको निर्वाचन सापेक्षिक रुपमा शान्तिपूर्ण र उत्साहजनक रुपमा सम्पन्न भएको सन्दर्भमा तेश्रो चरणको आसन्न निर्वाचनलाई पनि स्वच्छ, स्वतन्त्र, भयरहीत र निष्पक्षरुपमा सम्पन्न गरी नागरिकका नागरिक तथा राजनीतिक अधिकारहरुको पूर्ण सम्मान र संरक्षण गर्नको लागि राष्ट्रिय मानव अधिकार आयोग सरोकारवालाहरुसँग विशेष अपील गर्दछ ।

राजनीतिक दलहरूलाई स्वतन्त्र रूपमा निर्वाचन गतिविधिहरू सञ्चालन र मतदाताहरूलाई निर्भयपूर्वक मतदान गर्ने वातावरणको लागि निर्वाचनको सम्पूर्ण प्रक्रियामा शान्ति-सुरक्षा तथा अमनचैन कायम राख्न, सामाजिक सद्भाव विग्रन नदिन र निर्वाचन अवधिमा सबै पक्षलाई आवश्यक सहयोग पुऱ्याउन आयोग **नेपाल सरकारलाई** आग्रह गर्दछ ।

संविधान प्रदत विचार र अभिव्यक्तिको स्वतन्त्रतामा विश्वास एवम् सम्मान गर्न, कुनै पनि व्यक्ति, उम्मेदवार विशेष, जातजाति, धर्म, सम्प्रदायबीचको सम्बन्धलाई खलल पार्ने, होच्याउने प्रकृतिका विचार प्रकट नगर्न, आफ्नो अभिव्यक्ति स्वतन्त्रताको उपयोग गर्दा अन्य व्यक्ति/समुदाय वा दलसमेतको स्वतन्त्रता र मर्यादाको सम्मान र रक्षा गर्न, दलविशेषका शान्तिपूर्ण सभा/र्‍यालीहरुमा व्यवधान खडा गर्ने र विथोल्ने जस्ता अलोकतान्त्रिक गतिविधि नगर्न, सभाजुलुस/र्‍याली एवम् प्रदर्शनका क्रममा टायर बाल्ने र मसाल जुलुस गर्ने, लाठीभाला, खुकुरी, लगायतका घरेलु हतियार नबोक्न/प्रदर्शन नगर्न, निर्वाचनलाई प्रभावित पार्ने गरी बन्द, हड्तालजस्ता कार्यक्रमहरू आव्हान नगर्न, जबर्जस्ती चन्दा असुली कार्य नगर्न तथा सार्वजनिक सम्पत्ति र कसैको पनि व्यक्तिगत सम्पत्ति लगायत यातायातका साधनहरु जबर्जस्ती प्रयोग नगर्न, बालबालिकाहरूलाई राजनीतिक उद्देश्य वा अन्य प्रयोजनका लागि सभाजुलुस आदिमा संलग्न नगराउन, संविधान प्रदत समावेशीताको सिद्धान्तलाई आत्मसात गरी व्यवहारमा लागू गर्न, मानव अधिकार, प्रेस स्वतन्त्रतालगायत आधारभूत वैयक्तिक स्वतन्त्रताका मूलभूत मूल्यमान्यताको पूर्णतः पालना र सम्मान गर्न तथा निर्वाचन आचारसंहिता अक्षरशः पालना गर्न **राजनीतिक दलहरुलाई** आग्रह गर्दछ ।

निर्वाचन आयोगबाट जारी भएको आचारसंहिताको पूर्णरूपमा पालना गराउन, आचारसंहिता उल्लङ्घनमा संलग्न दल तथा उम्मेदवारलाई तत्काल कानुनी कारबाहीको दायरामा ल्याउन, मतदाता शिक्षा प्रभावकारी रूपमा लागू गर्न, सबै मतदाताहरूको सहज पँहुच हुने स्थान र दुरीमा मतदान केन्द्रको व्यवस्था गर्न र अपाङ्गता भएका मतदाता, जेष्ठ नागरिक, सुत्केरी तथा बिरामी मतदातालाई मतदान केन्द्रमा सहज पहुँचको लागि विशेष व्यवस्था गर्न तथा अघिल्लो चरणहरुमा देखिएका कमी कमजोरीहरुलाई सम्बोधन गर्न **निर्वाचन आयोगलाई** आग्रह गर्दछ ।

निर्वाचनसम्बन्धी गतिविधिहरूको स्वतन्त्र एवम् निष्पक्ष तवरले नियमितरुपमा अनुगमन गर्न, निर्वाचनसँग सम्बन्धित मतदाता शिक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न र पर्यवेक्षकको सीमाबाहिर गई राजनीतिक दलहरूसँग आबद्ध नहुन तथा राजनीतिक गतिविधिमा संलग्न नभई तटस्थ रहन **निर्वाचनको पर्यवेक्षणमा संलग्न सबै सङ्घसंस्थाहरूलाई** आग्रह गर्दछ ।

निर्वाचनलाई प्रतिकूल असर पार्ने खालका सामग्री वितरण एवम् सम्प्रेषण नगर्न, कुनै पनि व्यक्ति, जातजाति, धर्म, सम्प्रदायबीचको सम्बन्धलाई खलल पार्ने, होच्याउने प्रकृतिका विचार प्रवाह नगर्न/नगराउन र निर्वाचन आचारसंहिता प्रभावकारी रूपमा पालना गर्ने/गराउने सन्दर्भमा सदैव सकारात्मक भूमिका निर्वाह गर्न **सामाजिक संजाल प्रयोगकर्ताहरु तथा सबै सञ्चार-माध्यमहरु लाई** आग्रह गर्दछ ।

अन्त्यमा, आफ्ना अधिकारको बारेमा सचेत रहन, कसैको कुनै पनि दबाबमा नपरी निर्भिकताका साथ मताधिकारको सही प्रयोग गर्न तथा मानव अधिकारमैत्री एवम् निष्ठावान जनप्रतिनिधि छनौट गरी आफ्नो अधिकारको सुनिश्चितताकोलागि आफैं अग्रसर रहन **आम नागरिक तथा मतदातालाई** आयोग विशेष आग्रह गर्दछ ।

……………………………………

अनूप राज शर्मा
अध्यक्ष

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973,G.P.O. Box: 9182, Kathmandu, Nepal, Email:nhrc@nhrcnepal.org
website www.nhrcnepal.org